# <u>२०७५ सालको ऐन नं.३</u>

## बेलबारी नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

<u>*प्रमाणिकरण मितिः २०७५।०३।१०*</u>

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बेलबारी नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम **बेलबारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** रहेको छ।

(२) यो ऐन बेलबारी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. <u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बेलबारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बेलबारी नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले बेलबारी नगरपालिकालाई सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बेलबारी नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि, विनियम र मापदण्ड बनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्र्तगत बनेको नियमावलीको अधिनमा रही बेलबारी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, नियमावली र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५. **बचाउः** यो ऐन बन्नु भन्दा पहिले बेलबारी कार्यपालिकाले पारित गरि कार्यान्वयनमा ल्याईएका नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

*